जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ८९ पृष्ठः ४ | २०८२ साउन ०८ गते विहीबार (Thursday 24 July 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## विद्यालयका सुरक्षा गार्डको खाताबाट कम्प्युटर अपरेटरले थाहा नै नदिई लगे तीन लाख




सिरहा, ७ साउन। सिरहाको गोलबजार नगरपालिका–८, चोहर्वास्थित जनता नमुना माविमा कार्यरत सुरक्षा गार्डको खाताबाट विद्यालयमै कार्यरत कम्प्युटर अपरेटरले जानकारी नै नदिई बैंक खाताबाट तीन लाख रुपैयाँ अर्को खातामा रकमान्तर गरेका छन्। कम्प्युटर अपरेटर पदमा कार्यरत गोलबजार–७ का ३६ वर्षीय रामपुकार ठाकुरले सुरक्षा गार्ड समरबहादुर श्रेष्ठलाई थाहा नदिई गोलबजारस्थित कुमारी बैंकमा रहेको खाताबाट मोबाइल बैंकिङमार्फत आफ्नो खातामा रकम सारेका हुन्।

अपांगता भएका श्रेष्ठ लेखपढ गर्न सक्दैनन्। त्यसको फाइदा उठाउँदै ठाकुरले श्रेष्ठको नामको खाताबाट नेपाल बैंकमा रहेको आफ्नो खातामा मोबाइल बैंकिङमार्फत रकमान्तर गरेको श्रेष्ठकी बहिनी कल्पना श्रेष्ठले बताइन्। उनका अनुसार दाजुको खातामा भाउजूको मृत्युपछि बिमाबापत डिपोजिट गरिएको चार लाख रुपैयाँमध्ये ठाकुरले उक्त रकम असार अन्तिम साता लगेका हुन्। 'म काठमाडौंबाट फर्किएर बैंक स्टेटमेन्ट हेर्दा पो मोबाइल बैंकिङको पासवर्ड लिएर ठाकुरले रकम सार्दै गएका पाएँ,' उनले भनिन्, 'ठाकुरले श्रेष्ठलाई बैंक लगेर फर्म भराई मोबाइल बैंकिङको सुविधा लिएका रहेछन्। त्यतिवेलै लिएको पासवर्ड दुरुपयोग गरी रकम सारेका रहेछन्।'

खाताधारीको जानकारीविना किन रकम सारेको भनेर सोध्दा सुरुमा इन्कार गरेका ठाकुरले मिडिया र प्रहरीमा जाने चेतावनी दिएपछि रकम फिर्ता गर्छु, कतै नजानुस् भन्दै फकाएको उनले बताइन्।

**रकम फिर्ता गरिएको दाबी**

कम्प्युटर अपरेटर ठाकुरले सुरक्षा गार्डको खाताबाट रकम सारेको स्वीकार गर्दै सापटीका रूपमा लिएको र पछि बैंक खातामै फिर्ता गरिसकेको दाबी गरेका छन्। श्रेष्ठको सहमतिमा सापटीस्वरूप रकम सारेको दाबी गर्दै उनले सबै रकम फिर्ता गरिसकेको बताए। विद्यालयका प्रधानाध्यापक ब्रम्हदेव

**–बाँकी दुई पेजमा**

## सरकारले मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गऱ्यो



काठमाडौं, ७ साउन। सरकारले मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। आज बसेको मन्त्रिपरिषद्को बैठकले मधेश प्रदेशका आठ वटै जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको खानेपानी तथा सरसफाइमन्त्री प्रदीप यादवले जानकारी दिनुभयो। यसअघि असार २६ गते बसेको मधेश प्रदेश मन्त्रिपरिषद् बैठकले समेत प्रदेशलाई सुक्खाग्रस्त घोषणा गरेको थियो। पानी नपरेकोले प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेकोमा संघीय सरकारले पनि पानी अभावकै कारण विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको हो।

पानी कम परेकोले सिँचाइ अभाव भएको, भूमिगत पानी र पानीका मुहान सुकेको लगायतका कारण खानेपानी र सिँचाइका लागि पानीको चरम अभाव भएपछि संकटग्रस्त क्षेत्र घोषणा गरेको मन्त्री यादवको भनाइ छ। मधेश प्रदेश सरकारले हिजो संकटग्रस्त क्षेत्र घोषणा गर्न संघीय सरकार समक्ष सिफारिश गर्ने निर्णय गरेको थियो। मधेश प्रदेश सरकारबाट पनि निर्णय भएर आएको हुँदा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सूचना प्रकाशित भएको

**–बाँकी दुई पेजमा**




## कोरोनाबाट बच्ने उपाय

- नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**सूचना ! सूचना !! सूचना !!!**

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**

Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**
1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

## सम्पादकीय

# संविधानको 'पालन र रक्षा' गर्ने शपथको मर्यादा राखे बेस

राष्ट्रपति भइसकेको व्यक्ति पुनः दलगत राजनीतिकमा सक्रिय हुनु उचित हो कि होइन भन्ने विषयमा यति विवाद गर्नु आवश्यक र उचित पनि थिएन। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले सक्रिय राजनीतिबाट टाढै बसेर परम्परा पनि बसालिसकेका थिए। दोस्रा राष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीति मोहले उनको पुरानो पार्टीभित्र र बाहिर पनि तरङ्ग पैदा गरेको थियो। अन्ततः नेकपा (एमाले)को केन्द्रीय कमिटीको बैठकले मंगलवार भण्डारीलाई 'अभिभावकका रूपमा रहन' आग्रह गर्ने निर्णय गरी विवाद हाललाई टुंगो लगाएको छ।

हुन पनि नेपालको संविधानले राष्ट्रपतिको पद दैनिक दलगत राजनीतिक विवादभन्दा माथि रहेर सम्मानित र गरिमापूर्ण हुने कल्पना गरेको छ। यसैले राष्ट्रपति निर्वाचित भएपछि आफूसम्बद्ध राजनीतिक दलको सदस्यतासमेत त्याग गर्ने गरिएको छ। डा. यादव र भण्डारीले पनि नेपाली कांग्रेस र नेकपा (एमाले)को सदस्यता त्यागेका थिए। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अपनाएका अधिकांश मुलुकमा राष्ट्रपतिका रूपमा कार्यकाल पूरा गरेका व्यक्ति पुनः सक्रिय राजनीतिमा फर्कने प्रचलन बिरलै देखिन्छ। यद्यपि, केही मुलुकमा राष्ट्रपति भइसकेको व्यक्ति दलगत राजनीतिका साथै अरू पदमा पनि कार्यरत हुनेगरेको देखिएको छ।

नेपालले अपनाएको व्यवस्था रुसी शैलीको पक्कै होइन। यही बुझेर राष्ट्रपति निर्वाचित हुनुपूर्व नेपाली कांग्रेसका महामन्त्री रहेका डा. यादवले दलगत राजनीतिमा फर्कने लोभै देखाएनन्। भण्डारीले पनि पदावधि सकिएको केही समयसम्म संयमित नै देखिएकी थिइन्। विडम्बना, कुन्नि किन सिंगो देशको सम्मानित व्यक्तित्व भएर बस्नुको साटो उनले विवादमा पर्न रुचाइन्। विद्यादेवी भण्डारी उनका दिवंगत पति मदन भण्डारीजस्तै चम्कारपूर्ण राजनीतिक व्यक्तित्वकी धनी पनि छैनन्। राष्ट्रपतिका रूपमा उनले ओलीबाहेक अरू प्रधानमन्त्रीलाई असहयोग गरेकोबाहेक अरू उदाहरणीय काम पनि गरेकी छैनन्। उनको आगमनले एमाले वा नेपालको राजनीति सही बाटामा लाग्ने खासै सम्भावना पनि देखिँदैन।

संविधानले भण्डारीलाई दलगत राजनीतिमा सक्रिय हुन रोकेको छैन। तर, लोकतान्त्रिक पद्धतिको निर्माण अलिखित परम्परा पनि अनुसरण गर्दै गरिने हुन्छ। बेलायत वा अमेरिकाको समृद्ध लोकतान्त्रिक संस्कृति पनि त निर्माण हुन शताब्दियौं लागेको थियो। राजनीतिमा रहेका व्यक्तिहरूले आदर्श र मर्यादाको बाटो अपनाएरमात्र त्यसो हुनसकेको हो। एमालेमा विभाजन गराएर भए पनि दलगत राजनीतिमा सक्रिय हुने कि पूर्वराष्ट्रपतिका रूपमा मर्यादित जीवन बिताउने भन्ने अन्ततः रोज्ने त पूर्वराष्ट्रपति भण्डारीले नै हो। पदमा रहँदा प्रधानमन्त्री खड्गप्रसाद ओलीका अनुचित कदमहरूमा समेत साथ दिएकोबाहेक भण्डारीमाथि अरू आरोप लागेको पनि छैन। यसैले जीवनको उत्तरार्धमा बाँकी जीवन विवादमा नमुछिई बिताउनु स्वयं भण्डारीकै लागि पनि उत्तम हुनेछ।

भण्डारीलाई 'तारनहार' ठान्ने एमालेभित्र ओलीको पनपच्छेमा परेर पिल्सिएका नेता कार्यकर्ता केही समय निराश हुनसक्छन्। उनीहरूको संरक्षण एमाले नेतृका रूपमा भण्डारीको चासोको विषय पनि हो। तर, राष्ट्रपतिको पद रोजिसकेपछि विद्यादेवी भण्डारी एमालेको विरासतबाट मुक्त भइसकेकी छन्। यसैले पनि उनले बाँकी जीवनको 'पालन र रक्षा' गर्ने शपथ खाएको संविधानको भावनालाई सम्मान गरेर बिताउनै उचित दखिन्छ।

### *विद्यालयका सुरक्षा...*

सिंहले दुईजनाको बिचमा आपसी लेनदेन हुने गरेको दाबी गर्दै सोही क्रममा श्रेष्ठको खाताबाट पटक–पटक गरी तीन लाख रुपैयाँ पनि झिकेको जिकिर गरे। 'खाताधारीलाई जानकारी नदिई पनि रकम झिक्न पाइन्छ त?' भन्ने प्रश्नमा उनले जवाफ दिए– सोधेरै रकम लिएको भन्ने छ, तथापि सुरक्षा गार्ड श्रेष्ठकी बहिनीले शुक्रबार विद्यालय प्रशासनमा रकम झिकेको विषयमा मौखिक उजुरी गरेको र शनिबार बिदा परेकाले आइतबार नै रकम उनको खातामा जम्मा गरिसकेको जानकारी पाएको छु।'

रकमान्तर गरेका ठाकुर ज्यालादारीमा कम्प्युटर अपरेटर पदमा कार्यरत रहे पनि विद्यालयका लेखापाल नरहेकाले त्यसको कामसमेत गर्दै आएको बताए।

### *सरकारले मधेश ...*

मितिले तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक भएको रहेको गृह मन्त्रालयले जनाएको छ।

मधेश प्रदेशमा पानी कम परेकोले साउनको पहिलो हप्तासम्म आधा रोपाइँ पनि भएको छैन। मधेश प्रदेशमा मनसुन शुरू भएपछि अहिलेसम्मको औसतमा ४५ दशमलव ६ प्रतिशत मात्रै वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

# पुष्पलालको त्यो उद्गार : यस कारण ऊ नागरिक स्वतन्त्रता चाहन्छ

**ध्रुवसत्य परियार**

'मजदुरलाई आफ्नो रोटी र तलब बढाउन, महँगी भत्ता बढाउनका निम्ति लड्नुपर्छ। यस कारण ऊ नागरिक स्वतन्त्रता चाहन्छ। किसानलाई आफ्नो भोक हटाउन, आफ्नो बालीनाली (फसल) को भाउ बढाउन, ज्याला बढाउन ( अधियाँमा उचित भाग पाउन) र जमिनको हकको निम्ति लड्नुपर्छ। यस कारण किसानहरू नागरिक स्वतन्त्रता चाहन्छन्। विद्यार्थीलाई बिनाफिस अथवा कम फिसमा उच्च दर्जाको शिक्षा पाउन संघर्ष गर्नुपर्छ। यस कारण ऊ नागरिक स्वतन्त्रता चाहन्छ।

महिलालाई आफ्नो दोहोरो दासत्वको विरोधमा लड्नुपर्छ। यस कारण नारीहरू नागरिक स्वतन्त्रता चाहन्छन्। यस कारण सबै जनता एक भई नागरिक स्वतन्त्रताका लागि सानदार युद्ध लड्नुपर्छ।' नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलाल ( वि.सं. १९८१–२०३५)ले जब 'नेपाली राष्ट्रिय कांग्रेस' छाडेर कम्युनिस्ट पार्टी खोल्ने निर्णय गरे, त्यसपछि उनले मार्क्स र एङ्गेल्सको कम्युनिस्ट घोषणापत्रलाई नेपालीमा अनुवाद गरे, सँगसँगै उनले एउटा दस्तावेज पनि लेखे, 'नागरिक स्वतन्त्रता सम्पूर्ण वर्गलाई आवश्यक, अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाउँ [' उपरोक्त विचारहरू त्यही दस्तावेजबाट लिइएको हो, जसलाई नेपाली कम्युनिस्ट आन्दोलनको पहिलो दस्तावेज मानिन्छ।

पुष्पलाल 'नेपाल कम्युनिस्ट पार्टी' (नेकपा)का संस्थापक मात्र होइनन् नेपाली कम्युनिस्ट आन्दोलनकै प्रवर्तक हुन्। हुन् त नेकपा जन्मिसकेपछि नेपालको पहिलो कम्युनिस्ट नेता को हो भन्ने बहस नचलेको होइन। यस सम्बन्धमा पुष्पलालले नै चर्चा गरेका छन्, उनका आलेखहरुको संग्रह (नेपालमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास, २०५३)' मा यो प्रसंग आएको छ। एकचोटि टंकप्रसाद आचार्यसँग नेपालको कम्युनिस्ट आन्दोलनका विषयमा पुष्पलालको वादविवाद हुन्छ। टंकप्रसादले पुष्पलाललाई भनेका थिए, 'माहिलाभाइ ! (टंकप्रसादले पुष्पलाललाई माहिलाभाइ भनी सम्बोधन गर्थे) नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास लेख्दा पहिलो कम्युनिस्ट दशरथ चन्द हो भनी लेख्नुपर्छ।'

पुष्पलालले यसको कारण सोध्दा टंकप्रसादले भनेका थिए, 'दशरथ चन्दले राल्फ फक्सका कम्युनिस्ट नामक पुस्तक पढ्थे र त्यसबाट उनले प्रेरणा लिएका थिए।' निष्कर्षमा पुष्पलालले लेखेका छन्, 'नेपालको पहिलो कम्युनिस्ट को हो ? ऊ कसरी कम्युनिस्ट विचारधाराप्रति आकर्षित भयो भन्ने उत्तिको महत्त्वपूर्ण छैन, यो गौण विषय हो। सबभन्दा महत्त्वपूर्ण कुरा यो हो कि नेपालको राजनीतिक रंगमञ्चमा कम्युनिस्ट विचारधारा उत्पन्न भयो र त्यसले पिँढी दरपिँढीलाई असर गर्न थाल्यो। १९९७ सालको पर्वभन्दा पहिले यो विवादमा मात्र सीमित थियो भने त्यसपछि संगठित रूप लिन थाल्यो।'

रामेछापको भँगेरी गाउँमा १९८१ असार १५ गते जन्मेका पुष्पलाल सहिद गंगालालका भाइ हुन्। १९९७ माघ १४ गतेको मध्यराति दाजु गंगालाललाई शोभा भगवतीमा गोली हानी हत्या गरिएपछि पुष्पलालले दाजुको चितासामु उभिएर निरंकुश राणातन्त्रको अन्त्य गरिछाड्ने प्रण गरेका थिए। निरंकुश राणाशासनको अन्त्य गरी राजासहितको प्रजातान्त्रिक शासन पद्धति स्थापना गर्ने उद्देश्यले टंकप्रसाद आचार्यको नेतृत्वमा वि.सं. १९९३ जेठ २० गते 'नेपाल प्रजा परिषद्'को विधिवत् उद्घाटन भएको थियो। जसमा पुष्पलालका दाजु गंगालाल पनि जोडिएका थिए। राणाशासकले प्रजा परिषद्माथि मुद्दा चलाए र १९९७ माघमा पाँच जनालाई ज्यान सजाय तोके। शुक्रराज जोशी, धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ र पूर्णबहादुर प्रधानलाई ज्यान सजाय तोकिए पनि पूर्णबहादुर प्रधानको सजाय पछि १८ वर्ष कैदमा बदलिएको थियो।

यसको लगत्तै (१९९७ मै) १६ वर्षीय पुष्पलाल पनि संगठित हुन थाले। सुरुमा प्रेमबहादुर, सूर्यबहादुर, शम्भुराम तथा पुष्पलाल गरी चारजनाको एक राजनीतिक दल बनेको थियो। यस सम्बन्धमा पुष्पलालले लेखेका छन्, 'हामीले आपसमा सम्बोधन गर्दा कमरेड र अभिवादन गर्दा लालसलाम भन्न थाल्यौं। यस दलको नेता नछानिए पनि प्रेमबहादुर नै नेताको रूपमा थिए।' काठमाडौंमा माध्यमिक ( मेट्रिकुलेसन, एसएलसी) सम्मको शिक्षा लिएपछि पुष्पलाल उच्च शिक्षाका लागि भारतको कलकत्ता गए।

त्यतिखेरै भारतमा नेपाली कांग्रेस पार्टी जन्मने तर्खरमा थियो। नेपालभित्रै र भारतमा बसी काम गर्ने नेपाली क्रान्तिकारीहरूले जनवरी २५ र २६, १९४७ मा भारतको कलकत्तामा सम्मेलन गरे, जसले पार्टीको नाम 'नेपाली राष्ट्रिय कांग्रेस' दियो। नेपाली राष्ट्रिय कांग्रेसको दोस्रो अधिवेशन (१९४७ अप्रिल ९–१० मा सम्पन्न) बाट पुष्पलाल केन्द्रीय कार्य समितिको मन्त्री (सचिव) मा निर्वासित भएका थिए। पछि राष्ट्रिय कांग्रेसमा फुट आयो, डिल्लीरमण रेग्मी र बीपी कोइराला गुटका रूपमा। आफूले राष्ट्रिय कांग्रेस किन छाडेँ भन्ने सन्दर्भमा पुष्पलालले आफ्नो उपरोक्त पुस्तकमा उल्लेख गरेका छन्।

कुराकानीका दौरानमा केदारमान व्यथितले पुष्पलाललाई कोइराला गुटमा तान्न खोज्थे। असफल भएपछि उनले पुष्पलालसँग सोधे, 'आखिर कोइरालाका तुलनामा रेग्मीसँग के विशेषता छ र त्यतातिर लागेको ?' पुष्पलालले भने, 'यही रेग्मी गुट भोलि गई नेपाल कम्युनिस्ट पार्टीमा परिणत भएर जानेछ, त्यसैले म लागेको हुँ।' पुष्पलालले लेखेका छन्, 'रेग्मीको पक्ष लिनमा वैधानिक तथा अरु कतिपय कारण हुनाको बाबजुद मुख्य साँचो र सत्य यही थियो। यसका विपरीत रेग्मीले एकपछि अर्को नीति अपनाउँदै गएर गुप्त रूपले राणा शासकसँग समेत आफ्नो सम्बन्ध स्थापित गर्दै गएको र उनका वरपर सामन्ती तत्त्व नै भेला हुन आएको हुँदा अन्त्यमा रेग्मी गुटबाट त्यागपत्र दिई हटेँ।'

पुष्पलालले सानो चिन्तन र चिन्ताले नेकपाको गठन गरेका थिएनन्, तर समय क्रमसँग पार्टीको कार्यदिशागत चिन्तनमा खिचलो देखिन थाल्यो। पार्टीको दोस्रो महाधिवेशनसम्म आइपुग्दा वैचारिक विचलन र विवादले स्पष्ट धार लिएको थियो। २०१४ जेठ १५–२५ गतेसम्म काठमाडौंको दरबारमार्गस्थित फोहरादरबारमा भएको दोस्रो महाधिवेशनमा डा. केशरजंग रायमाझीले 'पार्टीको कार्यक्रममा परिवर्तन किन ?' शीर्षकको पुस्तिका लेखेका थिए। त्यसै पुस्तिकाका आधारमा केन्द्रीय समितिको बहुमतले द्वितीय महाधिवेशनमा प्रस्तुत गर्नका निम्ति एउटा रिपोर्ट तयार गर्‍यो। पोलिटिकल ब्युरोका सदस्य पुष्पलालसहित केन्द्रीय समितिका शम्भुराम, हिक्मत सिंह, कृष्णलाल, पीएन राणा र मोहनविक्रम सिंह गरी जम्मा ६ जनाले त्यस रिपोर्टको विरोध गरे।

यस रिपोर्टमा मुख्य गरी राजाको बद्दो निरंकुशतालाई बढ्न नदिनका लागि आफ्नो सिद्धान्त त्यागेरै भए पनि नेपाली कांग्रेससँग संयुक्त मोर्चा गर्नु जरुरी छ भन्ने निष्कर्ष थियो। पुष्पलालले लेखेका छन्, 'उक्त रिपोर्टमा उनीहरूले स्पष्ट व्याख्या गरे— २००७ सालको क्रान्तिको मुख्य उद्देश्य देशको सामन्ती व्यवस्थाको समाप्ति नभई राणाको मध्ययुगीन पारिवारिक शासनको अन्त्य गर्नु मात्र भएको हुनाले दिल्ली सम्झौताको फलस्वरूप राणाको पारिवारिक शासनको अन्त्य भई प्रजातन्त्रको परिपाटी सुरु भएको हुँदा दिल्ली सम्झौता राष्ट्रका निम्ति धोका नभई महान् सफलता हो।'

पुष्पलालले दिल्ली सम्झौतालाई धोका भन्दै आन्दोलनलाई निरन्तरता दिन आह्वान गरेका थिए। दोस्रो महाधिवेशनले पुष्पलालले पेस गरेको दस्ताबेज पारित गर्‍यो, जसमा संविधान सभाको निर्वाचन र सो सभाद्वारा गणतन्त्र घोषणा गर्नेसम्मका नारा थिए। यद्यपि दोस्रो महाधिवेशनले पार्टी महामन्त्रीमा राजावादी केशरजंग रायमाझीलाई निर्वाचित गर्‍यो र पुष्पलालको दस्ताबेज कार्यान्वयनमा गएन। २०१७ फागुनमा भएको नेपाल कम्युनिस्ट पार्टीको दरभंगा प्लेनम (विस्तारित बैठक)मा उनले 'विघटित संसदको पुनस्थापना'को कार्यनीति लिनुपर्नेमा जोड दिएका थिए।

२०१९ सालमा भएको नेकपाको तेस्रो महाधिवेशनमा तुलसीलालले 'राष्ट्रिय प्रजातान्त्रिक' कार्यक्रम प्रस्तुत गरेका थिए भने पुष्पलालले 'नयाँ जनवादी गणतन्त्र'को रणनीतिक कार्यक्रम र संयुक्त जनआन्दोलनको कार्यनीति पेस गरेका थिए। महाधिवेशनले तुलसीलाललाई पार्टी महामन्त्रीमा चयन गर्‍यो। महाधिवेशनको निर्णय शिरोधार्य गरी पार्टी बचाउने कार्यमा पुष्पलाल लागिरहे।

७ साउन २०३५ मा पुष्पलालको निधन भयो। देशमा बहुदल र गणतन्त्र आएको, संविधानसभाबाट संविधान लेखिएको उनले देख्न पाएनन्, यद्यपि देशका परिवर्तनहरू उनको सोच र चिन्तनभन्दा पर छैनन्। पुष्पलालले जग बसाएको आज कम्युनिस्ट आन्दोलनको मूल प्रवाह बनेको नेकपा (एमाले) अनौठो खिचलोमा छ। पुष्पलालकै सपना अनुरूपको गणतान्त्रिक व्यवस्थाको राष्ट्रपति भइसकेकी विद्यादेवी भण्डारी पार्टीमा फर्कन खुट्टा उचालेकी छन्।

पौराणिक कथाको पात्र वामनावतार विष्णुले तीन पाउ जमिन मागेर खुट्टा उचाले जसरी विद्याले पार्टीमा 'स्थान' खोजेकी छन्। थाहा छैन, कुन 'अवतार' वा 'शक्ति'का रूप वा आडमा विद्याले खुट्टा उचालेकी हुन् ! उनलाई आफ्नै स्थानमा उभिन अर्थात् राष्ट्रपति पदको गरिमा राख्न आग्रह गरेर एमालेले तत्कालका लागि उनको खुट्टा थमाएको सम्झेको छ। उनको उचालिएको खुट्टाले कसको शिर धर्तीमा धस्छ, पार्टी चोइटिन्छ वा उनले अरु कुनै कम्युनिस्ट दलसँग सहकार्य गर्छिन् भन्ने यसै भन्न सकिँदैन।

संविधान संशोधनको नाममा यतिबेला एमालेले कांग्रेससँग सत्ता सहकार्य गरिरहेको छ। एकातिर अग्रगामी कदम लिन संविधान संशोधन गर्ने कि पश्चगामी कदमका लागि भन्ने बहस सतहमा आएका छन् भने, अर्कोतिर भर्खर गति लिन थालेको गणतन्त्रलाई कमजोर बनाउन राजावादी लगायत पश्चगामी तत्त्वहरू सलबलाउन थालेका छन्। गणतन्त्रपछि परिवर्तनका संवाहक दलहरूले साझा कार्यक्रम ल्याउन सकेनन्, उनीहरूले गणतन्त्र किन ल्याएको भन्ने नै बिर्सँदै गएन्न फलतः पछिल्लो चुनावबाट 'स्वतन्त्र'हरू र राजावादीहरू सतहमा देखिए, 'खिचडी संसद्' बन्यो, जसले संसद्मा 'रंग–रमाइलो' गरिरहेकै छ।

अघिल्लो चुनावमा राजावादीसँगै साँठगाँठ गरेको एमाले आउँदो चुनावसम्म कुन कित्तामा पुग्छ र देशले कस्तो 'निकास' वा 'भास' पाउँछ भन्ने यसै अनुमान गर्न सकिँदैन। पुष्पलाल बाँचेको भए आज भन्दा हुन गणतन्त्रलाई गति दिनका लागि सबै जनता र दल एकजुट हुनुपर्छ। रातोपाटीबाट

# खडेरीको मारमा रहेका किसानका लागि रुपनीले पुराना पैनी सिँचाइ प्रणाली सञ्चालनमा ल्याउँदै



**विनय कर्ण**

सप्तरी, ७ साउन। धेरै वर्षअघिसम्म सप्तरीको रुपनी गाउँपालिकाका किसानहरु खाँडो र दुधैला खोलाको पानीले आफ्नो खेतमा सिँचाइ गर्थे। आफ्नै मिहनतले खोलामा बाँध बाँधेर पैनी बनाई त्यही पानी खेतमा लगेर सुख्खायाममा खेती गरेको देखिन्थ्यो। तर बढ्दो आधुनिकतासँगै जब मोटर, ट्युबवेल र कुवामा भर पर्न थालियो, तब विस्तारै प्राकृतिक सिँचाइका ती परम्परागत विधिहरु हराउँदै गए। अहिले खडेरी परेको बेला त्यही हराएको पैनी प्रणालीलाई पुनर्जीवित गर्न रुपनी गाउँपालिकाले प्रयास थालेको छ। खडेरीले अक्रान्त किसानहरुका लागि फेरि एकपटक खोलाको पानी जीवनको आशा बन्ने संकेत देखिएको हो।

जमिनमा जलस्तर अत्यधिक तल झरेको र परम्परागत श्रोतहरु कुवा, ट्युवेल, सुक्न थालेकाले प्राकृतिक रुपमा बगीरहेको खाँडो र दुधैला खोलाको पानी किसानको खेतमा पुर्याउने प्रयास थालिएको बताउनुहुन्छ, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव। जमिनमा जलस्तर घट्दै गएकोले मात्रै आधुनिक सिँचाइले किसानको समस्या दीर्घकालीन रुपमा समाधान नहुने बताउँदै अध्यक्ष यादवले अब दीर्घकालीन रुपमा समस्याको समाधान तर्फ अग्रसर भएको बताउनुभयो। सिँचाइ नहुँदा किसानका खेत बाँझिन थालेकाले समस्याको दीर्घकालीन समाधान खोज्नुपर्छ भन्ने महसुस भयो, त्यसैले खाँडो र दुधैला खोलाबाट पानी ल्याउने तर्फ अग्रसर भएका हौँ" यादवले भने।

२५ वर्षअघि यही खोलाबाट सिँचाइ हुन्थ्यो, तर मोटर बोर्डिङका कारण त्यो पुरानो विधि हराएकोले अब पुरानो पैनीहरू मर्मत गरी एक हप्ता–दस दिनभित्र खेतमा खोलाको पानी पुर्याउने लक्ष्य लिएर अगाडि बढेको उनले सुनाए। "प्राकृतिक रुपमा बगिरहेको खोलाको पानी खेतमा ल्याइए 'वाटर रिचार्ज' हुनुका साथै खडेरी परेको बेलामा किसानलाई खेती गर्न ठुलो मद्दत पुऱ्याउनेछ" अध्यक्ष यादवले विश्वास व्यक्त गरे।

**अनुगमन र अध्ययन**

रुपनी गाउँपालिका वडा नम्बर, २ र ५ मा तत्काल सिँचाइ सुविधा पुऱ्याउन सकिने उपायबारे सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवको नेतृत्वमा गाउँपालिकाका जनप्रतिनिधि तथा सरोकारवालाहरुले खाँडो र दुधैला खोलाको मंगलबार संयुक्त रुपमा अध्ययन तथा अनुगमन गरेको छ।

प्रतिनिधिसभा सदस्य यादवसँगै सिँचाइ डिभिजन कार्यालय राजविराजका प्रमुख रमण साह, खाँडो नदी नियन्त्रण कार्यालयका निमित्त प्रमुख चन्द्रनारायण यादव, राजनीतिक दलका प्रतिनिधि र स्थानीय अगुवा समेतले अध्ययन गरी काम अगाडि बढाउने निष्कर्ष निकालिएको रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले जानकारी दिए। सिँचाइको तत्कालीन आवश्यकतालाई ध्यानमा राख्दै बर्षैदेखि प्रयोगविहीन अवस्थामा पुगेका नकटी पैनी, बघाखाल पैनी, रायपुर पैनी, पौवा लौवापार पैनी, बसबिट्टी–कुम्हरौल पैनीजस्ता पुराना सिँचाइ प्रणालीलाई पुनः सञ्चालनमा ल्याउने प्रयास थालिएको उनको भनाइ छ।

दुधैला खोलाको बहाव नियन्त्रण गरेर वडा नम्बर ६ स्थित जगमोहन र तेरहौता समेतका क्षेत्रलाई सिँचाइमा समेट्ने लक्ष्यका साथ अगाडि बढेको अध्यक्ष यादवले बताए।

**आशामा किसान**

खडेरीको बेला खोलाको खेतमा पानी पुग्ने आशाले रुपनीका किसानहरु उत्साहित देखिएका छन्। पुरानो परम्परागत पैनी सञ्चालनमा ल्याउने प्रयास सुरु भएपछि सिँचाइ सहज हुने आशामा रहेका किसानहरु उत्साहित देखिएका हुन्। गाउँपालिकाले थाललेको यस्तो प्रयास केवल सिँचाइका लागि मात्र होइन, हराउँदै गएका परम्परागत प्राकृतिक सिँचाइ प्रणालीको पुनःजागरण, वातावरण संरक्षणको अभ्यास र स्थानीय स्तरमा समस्याको समाधान हुने अनुगमनमा सहभागी प्रतिनाधिसभा सदस्य यादवले बताए।
उनले गाउँपालिका थालेको यस्तो प्रयासलाई सार्थक बनाउन सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै यसले संसाधनको पुनःस्थापना, दिगो कृषि अभ्यास र सामुदायिक आत्मनिर्भरता बढ्ने विश्वास व्यक्त गरे।

# दुई शिशुको मृत्युपछि स्थानीयद्वारा स्वास्थ्य केन्द्र र नगरपालिकामा तालाबन्दी



रौतहट, ७ साउन। कटहरिया नगरपालिका–५ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य सेवाको अभाव र डाक्टरहरूको लापरबाहीका कारण लगातार दुई शिशुको मृत्यु भएको भन्दै आक्रोशित स्थानीयहरूले मंगलबार केन्द्र र नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन्। स्थानीय पीडितमध्ये एक बाबुलाल दासका अनुसार उनकी छोरीलाई व्यथा लागेपछि प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको थियो। त्यहाँ नर्मल डेलिभरी (छोरा) भए पनि बच्चा नरोएपछि शिशुलाई झाँझ फुलस्थित एक निजी क्लिनिकमा पठाइएको थियो। तर क्लिनिक पुग्नुअघि नै शिशुको मृत्यु भइसकेको थियो।

दोस्रो घटना सोमबार साँझ भएको थियो। कटहरिया नगरपालिका–३ बडेर्वाका मनोज साहकी छोरी पुनमलाई पनि व्यथा लागेपछि स्वास्थ्य केन्द्रमा ल्याइएको थियो। गर्भवती महिलाको भिडियो एक्स–रे गरेर बच्चा जन्मन अझै १० दिन बाँकी रहेको भन्दै डाक्टरले औषधि दिई घर पठाइएको थियो। तर व्यथा झन् बढेपछि परिवारले पुनः शिवनगरस्थित एक निजी क्लिनिकमा लगेका थिए। बिच बाटोमै पुनमको नर्मल डेलिभरी भए पनि शिशुको अवस्था जटिल भएकोले वीरगन्ज लैजाँदै गर्दा बाटोमै शिशुको ज्यान गएको पीडित मनोज साहले बताएका छन्।

तेस्रो घटना गत शनिबार राति भएको थियो। स्थानीय पत्रकार रवीन्द्र प्रजापतिले आत्महत्याको प्रयास गरेपछि उनलाई तत्कालै उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र कटहरियामा पुऱ्याइएको थियो। तर केन्द्रमा अक्सिजनको व्यवस्था नभएकै कारण उनको पनि उपचारको अभावमा ज्यान गएको परिवारको भनाइ छ। पीडित परिवारहरू र स्थानीय बासिन्दाहरूले स्वास्थ्य केन्द्रमा अक्सिजन, औषधि, ग्लब्स जस्ता आधारभूत स्वास्थ्य सामग्रीको समेत अभाव रहेको गुनासो गरेका छन्। 'स्वास्थ्य केन्द्रको हालत यति भयावह छ कि डाक्टरहरू समेत समयमा उपस्थित हुँदैनन्,' स्थानीय एक बासिन्दाले बताएका छन्।

तीन वटा मृत्यु घटनापछि आक्रोशित स्थानीयहरूले प्राथमिक स्वास्थ्य केन्द्र कटहरिया र कटहरिया नगरपालिकाको कार्यालयमा ताल्चा लगाउँदै दोषी डाक्टर र कर्मचारीविरुद्ध कारबाहीको माग गरेका छन्। मेयर अजय प्रकाश जैसवालको लापरबाहीको कारण प्राथमिक स्वास्थ्य कार्यालयको अवस्था दयनीय भएको स्थानीयहरूको आरोप रहेको छ। यसैबिच स्वास्थ्य केन्द्र र नगरपालिकाको ताला खुलाउन इलाका प्रहरी कार्यालय कटहरियाको प्रांगणमा नगर स्वास्थ्य संयोजक डाक्टर र स्थानीयहरूबिच छलफल जारी रहेको कार्यपालिका सदस्य मनोज कुमार जैसवालले बताएका छन्।

# दलित विकास समिति पाँच महिनादेखि नेतृत्वविहीन, ऐन कार्यान्वयनमा मधेश सरकारको उदासीनता

सप्तरी, ७ साउन। मधेश प्रदेश सरकारअन्तर्गतको दलित विकास समिति विगत पाँच महिनादेखि नेतृत्वविहीन अवस्थामा रहेको छ। समितिमा रहेका पदाधिकारीहरू २०७८ फागुन १२ गतेदेखि रिक्त भएपछि अहिलेसम्म नयाँ नियुक्ति हुन सकेको छैन। यसबीच, प्रदेश सरकार मातहतका अन्य आयोग तथा प्रतिष्ठानहरूमा नियुक्ति भइसकेको भए पनि दलित विकास समितिमा नेतृत्वविहीनता कायमै रहनुले राज्यको दृष्टिकोणप्रति प्रश्न उठ्न थालेको छ। दलित अधिकारकर्मी र नागरिक समाजका अगुवाहरूले यो अवस्थालाई राजनीतिक उदासीनता र पूर्वाग्रही सोचको परिणामका रूपमा लिएका छन्।

**सामाजिक समस्या र संस्थागत कमजोरी**

दलित समुदाय अझै पनि मधेशमा बलात्कार, जातीय बहिष्कार, हत्या, सामाजिक उत्पीडनलगायतका घटनाहरूको सामना गर्दै आएको छ। यस्ता समस्याको समाधान तथा राज्यसँग




समन्वय गर्नुपर्ने जिम्मेवारी रहेको समितिमा नेतृत्व नहुनु आफैंमा गम्भीर चुनौती भएको अधिकारकर्मीहरू बताउँछन्।

दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोलापासवानले भने, 'सरकार आफैंले बनाएको संरचना लामो समयदेखि खाली राख्नु केवल प्राविधिक ढिलाइ होइन, राजनीतिक उपेक्षा र असंवेदनशीलताको पराकाष्ठा हो। उनले थपे, 'मधेश प्रदेश सरकारले तत्काल समिति गठन गरी ऐन कार्यान्वयनमा जिम्मेबारीपूर्वक अघि बढ्नु पर्छ।'

**ऐन कार्यान्वयनप्रति प्रदेश सरकारको उपेक्षा**

मधेश प्रदेशमा बसोबास गर्ने करीब १८ प्रतिशत दलित जनसंख्याको समस्या सम्बोधन गर्न प्रदेश सरकारले सातवटै प्रदेशमध्ये सबैभन्दा पहिला दलित सशक्तीकरण ऐन ल्याएको थियो। तर ऐन ल्याएको चार वर्ष बितिसक्दा पनि यसको प्रभावकारी कार्यान्वयनमा प्रदेश सरकार इच्छुक नदेखिएको अधिकारकर्मीहरूको गुनासो छ।

दलित सशक्तीकरण ऐन, २०७६ को दफा ७९१० अनुसार दलित विकास समितिमा सामाजिक विकास मन्त्री अध्यक्ष रहनेछन्। साथै, एक जना विज्ञ दलित व्यक्तित्व, चार जना अगुवा (महिला सहित), नीति आयोगको सामाजिक विकास हेर्ने सदस्य, योजना मन्त्रालयका सचिव, कानुन सचिव र सदस्य सचिवका रूपमा उपसचिव रहने कानुनी व्यवस्था छ पदावधि चार वर्षको हुने ऐनमा उल्लेख गरिएको छ।

तर, राजनीतिक भागबण्डा नमिल्दा समितिको पुनर्गठन प्रक्रिया अघि बढ्न सकेको छैन। हाल समाजकल्याण मन्त्रालय नेकपा एमालेको भागमा परेको छ भने प्रमोद जयसवाल मन्त्री छन्। उता, मुख्यमन्त्री जनमत पार्टीका छन्। दलित विकास समितिको उपाध्यक्ष पदमा दलहरूबीच सहमति नजुटेकै कारण प्रक्रिया अलपत्र परेको हो।

**जातीय भेदभाव अनुगमन समिति पनि निष्क्रिय**

त्यस्तै, ऐनको दफा ३ अनुसार मधेश प्रदेशमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति पनि गठन गरिने व्यवस्था छ समितिको अध्यक्ष मुख्यमन्त्री हुने व्यवस्था भए पनि हालसम्म मुख्यमन्त्रीको अध्यक्षतामा बैठकसमेत बसेको छैन। समितिमा आन्तरिक मामिला तथा कानुन मन्त्री,

**–बाँकी अन्तिम पेजमा**

# एक वर्षमा साढे ५ करोड बढीको अवैध सामान बरामद

रौतहट, ७ साउन। रौतहटमा प्रहरीले एक वर्षमा साढे पाँच करोडभन्दा बढी मूल्य बराबरको अवैध सामान बरामद गरिएको छ। जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी इकाईहरूले आर्थिक वर्ष २०८१–०८२ मा विभिन्न नाकाबाट तस्करी भई भित्रिएको ५ करोड ५९ लाख ५५ हजार २३५ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी नेत्रमणि गिरीका अनुसार बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी जिल्ला भन्सार कार्यालय गौरमा बुझाउने गरिएको छ। तस्करीमा प्रयोग भएका ५ थान स्कार्पियो, ४ पिकअप, १ ट्याक्टर, १० ई(रिक्सा, २४३ मोटरसाइकल र ३३ थान साइकल सहित २९६ वटा सवारी साधनसमेत बरामद गरेको प्रहरीले जनाएको छ। यही अवधिमा तस्करीमा संलग्न २२ जना विदेशी नागरिकसहित १०३ जना तस्करलाई पक्राउ गरी कानुनी कारबाही अगाडि बढाइएको पनि प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ। साथै, फरार प्रतिवादी पक्राउ अभियानअन्तर्गत अदालतबाट सजाय सुनाइएपछि फरार रहेका ६४० जना प्रतिवादीलाई विभिन्न स्थानबाट पक्राउ गरि फैसला कार्यान्वयन गरिएको छ। जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायका अनुसार, पक्राउ परेका प्रतिवादीहरूबाट ४८ लाख २९ हजार ९८४ रुपैयाँ बराबरको जरिवाना असुल र ११४ वर्ष १ महिना २० दिन कैद सजाय भुक्तानीको लागि जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको छ।

# गोलबजार हटिया सडकबाट हटाइयो, गुद्री हाट बजार व्यवस्थित हुदै




सिरहा, ७ साउन। सिरहाको गोलबजारमा लामो समयदेखि सडकमै लाग्दै आएको हटिया अब व्यवस्थित गरिएको छ। नगर प्रमुख श्याम कुमार श्रेष्ठको निर्देशनमा गोलबजार–४ स्थित गुद्री हाट बजारलाई सडक पेटीबाट हटाई निश्चित स्थानमा सारेर व्यवस्थित गरिएको ह। बजार व्यवस्थापन कार्यमा स्थानीय प्रहरी, नगर प्रहरी, शसस्त्र प्रहरी, जनप्रतिनिधि तथा नगरपालिकाका कर्मचारीहरूको सक्रिय सहयोग रहेको थियो। नगर प्रमुख श्रेष्ठले बजार सडकपेटी बाहिर व्यवस्थापन गरी सर्वसाधारणको आवागमन सहज बनाइएको बताए। सडकमा हटिया लाग्दा जनजीवन प्रभावित थियो, सवारी साधन चलाउन समस्या थियो, त्यसैले हटिया व्यवस्थित गर्न निर्देशन दिइएको हो," नगर प्रमुख श्रेष्ठले भने। नगरपालिकाले आगामी दिनमा

हटिया व्यवस्थापनलाई थप व्यवस्थित र दिगो बनाउने योजना बनाएको समेत जनाएको छ।

# पानीको समस्या देखिनुमा चुरे दोहन प्रमुख कारण

धनुषा, ७ साउन। उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले चुरे दोहन नरोकेसम्म चुरे संरक्षण हुन नसक्ने बताएको छ। नेपाली कांग्रेस धनुषा जिल्ला कार्यसमितिको कार्यालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले मधेशमा अहिले पानीको समस्या देखिनुमा चुरे दोहन प्रमुख कारण रहेकाले चुरे संरक्षणमा सबै एकजुट हुनुपर्नेमा जोड दिए। उपप्रधानमन्त्री सिंहले मधेशमा देखिएको पानीको समस्या समाधान गर्न सरकार गम्भीर रहेको बताए। मन्त्रिपरिषद् बैठकले मधेशमा देखिएको पानीको समस्या समाधानका बारेमा केही ठोस् निर्णय गर्ने उहाँले प्रतिबद्धता व्यक्त गरे।

उपप्रधानमन्त्री सिंहले पार्टीभित्र अस्वस्थ प्रतिस्पर्धाले कसैको हित नगर्ने बताउँदै भने, "एकले अर्कोलाई गाली गरेर पार्टी बलियो हुँदैन। हिलो छ्यापाछ्याप गर्नुभन्दा पार्टीभित्रका कमीकमजोरी र त्रुटि सच्याउनुपर्छ। अस्वस्थ प्रतिस्पर्धाले कसैलाई राम्रो गर्दैन।" नेपाली कांग्रेसका पूर्वमहामन्त्रीसमेत रहनुभएका सिंहले पार्टीको संगठन सुदृढीकरणमा सबैले सहकार्य र समन्वय गरी लाग्नुपर्नेमा जोड दिए। कांग्रेस कमजोर भए प्राप्त उपलब्धि गुम्ने खतरा रहेको भन्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न पार्टी बलियो बनाउनुपर्ने बताए।

# कपाली तमसुकमा वनको जग्गा किनबेच

**विजयकुमार साह**

ढल्केबर, ७ साउन। धनुषाको गणेशमान चारनाथ नगरपालिका–६, रक्ताही कमलास्थित वन क्षेत्रभित्रको जग्गा अनधिकृत रूपमा किनबेच भइरहेको खुलासा भएको छ। स्थानीय र भूमाफियाको मिलेमतोमा कपाली तमसुक बनाएर वनको जग्गा खरिद–बिक्री हुने गरेको खुलासा भएको हो। स्थानीय केवलकिशोर यादवले सो वन क्षेत्रभित्रको नौ कट्ठा जमिन धनुषाधाम नगरपालिका–९, यज्ञभूमिका साने खत्रीलाई बिक्री गरेको भेटिएछि यस्तो तथ्य खुलेको सब डिभिजन वन कार्यालय गोदारका वन अधिकृत भगलु मण्डलले बताए।

यादवले सो जमिन आफ्नो हकभोगमा रहेको भन्दै नौ कट्ठा जमिन दुई लाख ८८ हजार रुपियाँमा खत्रीलाई बिक्री गरेको प्रमाण भेटिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार वन क्षेत्रभित्रको जमिन खरिद बिक्री गैरकानुनी हो। स्थानीय अनुसार २०५० सालतिर कमला नदीमा आएको ठुलो बाढीले ल्याएको गिट्टी, बालुवाले यो वन क्षेत्र पुरेको थियो। त्यसको केही वर्षपछि केही स्थानीयले यो जग्गा खनजोत गरी अन्नबाली लगाउन थाले।

यही खनजोतलाई आधार बनाएर केही व्यक्तिले जग्गा आफ्नो भएको दाबी गर्न थालेका छन्। यसैको आडमा गाउँका धनीमानी व्यक्ति र बाहिरका मानिसले समेत यस क्षेत्रमा जग्गा कब्जा गरेका छन्। यस ठाउँमा यसरी नै कपाली तमसुक बनाएर जमिन खरिद बिक्री हुने गरेको स्थानीयको भनाइ छ। वन क्षेत्रभित्रको जग्गाको अनधिकृत किनबेच बढेपछि सव डिभिजन वन कार्यालय गोदारले यसलाई नियन्त्रण गर्ने पहल सुरु गरेको छ। वन अधिकृत मण्डलले अतिक्रमित वनको जग्गा खाली गराउने बताए।

उनले करिब ३० हेक्टरभन्दा बढी जग्गा अतिक्रमणमा परेको जानकारी दिँदा ती जग्गालाई अतिक्रमणमुक्त गराएर तारजाली लगाउने र वृक्षरोपण गर्ने योजना रहेको जानकारी दिए। डिभिजन वन कार्यालय धनुषाका डिभिजन प्रमुख विनोद सिंहले सार्वजनिक वन क्षेत्रभित्र पर्ने भूभागमा स्वामित्व दाबी गर्न वा खरिद–बिक्री गर्नु गैरकानुनी भएको बताए। उनले यस विषयमा छानबिनको प्रक्रिया अगाडि बढाइएको बताउँदै केही प्रमाणहरू सङ्कलन गरिएको जानकारी दिए।

# जनकपुरधामको 'मणिमण्डप'लाई विवाह स्थलको रूपमा अघि बढाउनुपर्छ : उपप्रधानमन्त्री सिंह

**धर्बेन्द्र झा**

जनकपुरधाम, ७ साउन। सहरी विकास मन्त्री तथा उपप्रधानमन्त्री प्रकाशमान सिंहले ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले अतुलनिय महत्व रहेको जनकपुरधामको सीता पुष्पवाटिका (मणिमण्डप) लाई हिन्दु धर्मावलम्बीका लागि विवाह स्थलको रूपमा अघि बढाउनुपर्ने बताएको छ। संघिय सहरी विकास तथा भवन निमार्ण कार्यालय जनकपुरधाम धनुषाद्वारा जनकपुरधाम उपमहान गरपालिका–१३ मा निमार्ण गरिएको सीता पुष्पवाटिका ( मणिमण्डप)को उद्घाटन पश्चात आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएको हो।



उनले त्रेता युगमा भगवान् राम र जगतजननी सीताको विवाहका लागि भगवान् विश्वकर्माले मणी जरीत मण्डप निमार्ण गरेकै कारण यस स्थलको नाँउ मणिमण्डप परेको जनविश्वास रहेको बुझ्न आएकोले यसको समुचित विकासका लागि मन्त्रालयले विभिन्न खालका संरचनाहरू निमार्ण गरेको बताए।

उनले यस स्थललाई सक्रिय स्वरूपमा ल्याउनका लागि तिनै तहका सरकारले काम गर्नु पर्नेमा जोड दिए। उनले यस ऐतिहासिक स्थललाई प्रचार प्रसार गरी विश्वमानै पहिचान दिलाउनका लागि हामी सबै दतचित भएर लाग्नुपर्ने उल्लेख गरे। उपप्रधानमन्त्री सिंहले यस स्थलको सौन्दर्य वृद्धिका लागि बाँकी रहेका काम गर्नका लागि हामी अगाडि बढने बताउँदै खडा भएको यस संरचनाको सम्वर्धनका लागि स्थानीयवासीको भूमिका महत्त्वपूर्ण रहने बताए। कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले यस एतिहासिक स्थललाई विवाह स्थलको रूपमा प्रचार प्रसार हुनु पर्नेमा जोड दिए। उनले यसलाई विवाह स्थलको रूपमा प्रचारप्रसार भएमा जनकपुरधाममा पर्यटकको आगमन बढ्ने र यसले देशको अर्थतन्त्रमा ठुलो मद्दत पुग्ने बताए।

"अहिले पनि यस ठाँउमा आउने पर्यटकलाई टिकाउनका लागि पूर्वाधारको अभाव रहेको भन्दै संघ सरकारले खुला ह्दयले यस क्षेत्रमा लगानी गर्नुपर्ने छ", उनले भने। जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोज साहको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाली कांग्रेसका सह महामन्त्री एवम पुर्व मन्त्री महेन्द्र यादव, नेपाली कांग्रेसका नेता एवम राष्ट्रिय सभा सदस्य आनन्द ढुङ्गाना सहितकाले मणिमण्डप भगवान् राम सीताको वैवाहिक स्थल रहेको भन्दै यसको प्रचारप्रसार आवश्यक रहेको उनको भनाइ छ।

सीतापुष्पबाटिका(मणिमण्डप) आयोजना अन्तर्गत यस क्षेत्रमा सुविधा सम्पन्न प्यालेश भवन सहित दुई वटा धर्मशाला, दुई वटा पभेलियन निमार्ण गरिएको छ। प्यालेस भवनमा ७० जना अटाउने हल सहित १६ वटा बेडरुम, एउटा डायनिङ हल, एउटा किचेन, एउटा म्युजियम ओसफिस, एउटा टिकट काउन्टर कोठा, दुई वटा स्टोर कोठा सहितका संरचनाहरू रहेको छ।

त्यसैगरी दुई वटा सुविधा सम्पन्न धर्मशाला जसमा १३ वटा डोरमिटोरी रुम ,एउटा डाइनिङ हल, एउटा किचेन, विवाहमण्डप, दुई वटा पवेलियम र १० कोठे पसल रहेको संघीय सहरी विकास तथा भवन निमार्ण कार्यालयका निमित प्रमुख विनोद यादवले कार्यक्रममा जानकारी दिए। उनले सीतापुष्पबाटिका( मणिमण्डप) आयोजना अन्तर्गतको संरचनाहरू निमार्ण गर्दा हाल सम्ममा १८ करोड ५३ लाख २१ हजार रुपैया खर्च भइसकेको जानकारी दिए।

## *दलित विकास ...*

सामाजिक विकास मन्त्री, दलित समुदायका प्रदेशसभा सदस्यहरू, मुख्य न्यायाधिवक्ता, दलित क्षेत्रमा कम्तीमा पाँच वर्षदेखि सक्रिय दुई जना (एक महिला सहित), प्रदेश प्रहरी प्रमुख तथा मुख्यमन्त्रीले तोकेको एक उपसचिवस्तरीय कर्मचारी रहनेछन्। यस समितिको कार्य सञ्चालनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा एक छुट्टै शाखा स्थापना गर्ने व्यवस्था पनि ऐनमा छ।

तर, मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो एक वर्षे कार्यकालमा एकपल्ट पनि उक्त समितिको बैठक नबोलाएको अधिकारकर्मीहरू बताउँछन्। दलित समुदायको समस्या सम्बोधनमा सक्रिय देखिनुपर्ने जनमत पार्टीका मुख्यमन्त्रीको यो निष्क्रियता उनको दलित समर्थक दाबीप्रति नै शंका पैदा हुने अवस्था आएको दलित अगुवाहरूको टिप्पणी छ।

यसरी, कानुनी संरचना हुँदाहुँदै पनि दलितसम्बन्धी समितिहरूको लामो समयदेखि नेतृत्वविहीन र निष्क्रिय रहनुले प्रदेश सरकारको समावेशी शासनप्रति प्रतिबद्धता कति गहिरो छ भन्ने सवाल उठाएको छ।

# मधेशमा खानेपानीको समस्या समाधान गर्न सरकारले कुनै कसर बाँकी राख्दैन : प्रधानमन्त्री

काठमाडौं, ७ साउन। प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशमा भएको खानेपानीको समस्या समाधान गर्न सरकार गम्भीर रूपमा लागिपरेको बताउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले सोधेका प्रश्नहरुको जवाफ दिँदै प्रधानमन्त्री ओलीले खानेपानीको समस्या समाधान गर्न सरकारले कुनै पनि कसर बाँकी नराख्ने बताएको हो। उनले मात्रै मधेश प्रदेशलाई प्राकृतिक विपत्तिग्रस्त क्षेत्र घोषणा गरिएको उल्लेख गरे। उनले मधेश प्रदेशमा रहेको खानेपानीको समस्या समाधानका लागि तत्कालीन र दीर्घकालीन समाधानका उपायहरूको खोजि गरिने पनि बताए।

प्रधानमन्त्री ओलीका अनुसार अहिलेसम्म ९५ प्रतिशत नागरिकलाई ट्यांकरमार्फत सरकारले खानेपानी वितरण गरिसकेको छ भने बाँकी पाँच प्रतिशतलाई समेत वितरण गरिनेछ। उनले भने, 'मधेश प्रदेशलाई प्राकृतिक विपत्तिग्रस्त क्षेत्र भनेर निर्णय गरेर आएको छु। अब त्यहाँ कुनै पनि समस्या भयो भने आपत्कालीन ढङ्गले बजेटको व्यवस्था गर्न सकिने र कुनै पनि सामान किन्न सजिलो हुनेछ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)